आज मिति २०७८।०७।१० गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जंन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७७०७१०**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.१० कार्यालयबाट बेंगाडावर बस्ने श्री अवधि चमारको छोरी राम प्रसाद रविदासको पत्नी श्री मनटुटीया रविदास स्तन क्यान्सर रोगले ग्रसित भएको हुंदा औषधि उपचारको लागि आर्थिक सहयोगको लीग सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.७ कार्यालयबाट मिथिला सागर पोखरियामा जितिया मेला ओजना गरेका श्री पोखरी दमार सामुदायिक वन उपभोक्ता समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.३ कार्यालयबाट श्री जनता युवा क्लवको आयोजनामा तेस्रो मेयर गोल्डकप किकेट प्रतियोगिता मिति २०७८।०६।३० देखि शुरु हुने भएकोले आर्थिक सहयोग उपलब्ध गराउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. कार्यालयको बहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.८ कार्यालयबाट श्री श्री १०८ दुर्गापूजा महोत्सव भव्य रुपमा मनाउन आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट सवारी साधन मर्मत संभार गर्दा संलग्न बिल बमोजिम लागेको रु.९३,१८९।- भुक्तानी गर्न सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.८ कार्यालयबाट श्री सृजनशिल वा क्लवले खुला किकेट ड्युजवाल प्रतियोगिता आयोजन गर्ने भएको हुंदा आर्थिक सहयोगको लीग सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) सुरक्षित खानेपानी गुणस्तर अनुगमन र्दिशिका, २०७८ पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा भित्र संचालनमा रहेका सामुदायिध विद्यालयका लेखापालहरुको तलव बृद्धिको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा भित्र विभिन्न कार्य संचालन गर्न गठन भएका उपभोक्ता समितिहरुलाई स्थायी लेखा नम्बरमा दर्ता गराउने सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा. वडा नं.५ कार्यालयबाट शुभ दिपावली र लक्ष्मी पूजाको शुभ अवसरमा गाई पालन पोषण गर्ने किसानहरुलाई गाई हुराहुरी कार्यक्रम गर्न निम्ती आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.५६८ मिति २०७८।०६।१२ को पत्रबाट बेंगाडावर बस्ने श्री अवधि चमारको छोरी राम प्रसाद रविदासको पत्नी श्री मनटुटीया रविदास स्तन क्यान्सर रोगले ग्रसित भई उपचारार्थ रहेकोमा निजको थप उपचारको लागि आर्थिक अवस्था निकै नैं विपन्न तथा दयनिय रहेकोले निजलाई थप उपचारको लागि आर्थिक सहयोगको लीग सिफारिस भएकोमा श्री अवधि चामारलाई अन्य सामाजिक संरक्षण शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.३०६ मिति २०७८।०६।१० को पत्रबाट पोखरी दमार सामुदायीक वन उपभोवक्ता समूहले मिति २०७८।०६।१२ र १३ गते मिथिला सागर पोखरीया पर्यटन स्थलमा जितिया पर्वको मेला आयोजना गरेको हुंदा सो कार्यका लागि उक्त उपभोक्ता समूहलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा उक्त उपभोक्ता समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.५५० मिति २०७८।०६।२५ को पत्रबाट श्री जनता युवा क्लवको आयोजनामा तेस्रो मेयर गोल्डकप क्रिकेट प्रतियोगिता मिति २०७८।०६।३० देखि शुरु हुने भएकोले आर्थिक सहयोग उपलब्ध गराउन अनुरोध भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा यसैसाथ संलग्न विवरण बमोजिम आ.व.२०७८।०७९ मा कार्यान्वयन हुन मि.न.पा. कार्यालयको बहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.३१७ मिति २०७८।०६।२२ को पत्रबाट श्री श्री १०८ दुर्गापूजा महोत्सव भव्य रुपमा मनाउन दुर्गा पूजा मेला समितिलाई अर्थिक सहयोग उपलब्ध गराउन लेखि आएकोमा उक्त समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवरको च.नं.४४ मिति २०७८।०६।०६ को पत्रबाट उक्त कार्यालयको सवारी साधन मर्मत संभार गर्दा संलग्न बिल बमोजिम लागेको रु.९३,१८९।- (अक्षरेपी त्रीयानब्बे हजार एक सय उनान्नब्बे मात्र) भुक्तानी गर्न सहयोग माग भएको सम्बन्धमा बील बमोजिमको रकम सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयबाट श्री सृजनशिल युवा क्लवले खुला क्रिकेट ड्युजवाल प्रतियोगिता आयोजन गर्ने भएको हुंदा आर्थिक सहयोगको लीग सिफारिस भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्र स्वच्छ र गुणस्तर युक्त खानेपानीको सुनिश्चित गर्न यसैसाथ संलग्न सुरक्षित खानेपानी गुणस्तर अनुगमन निर्देशिका, २०७८ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा भित्र संचालनमा रहेका सामुदायिध विद्यालयका लेखापालहरु श्री दिपक कुमार कुसवाह समेत ७ जनाले हाल पाइरहेको मासिक तलव रु.१५०००।- मा तलव बृद्धिको लागि अनुरोध भएकोमा निजहरुको मासिक तलवमा रु.१,५००।- थप गरी मासिक रु.१६,५००।- (अक्षरेपी सोह्र हजार पांच सय) कायम गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा भित्र विभिन्न कार्य संचालन गर्न गठन भएका उपभोक्ता समितिहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) मा दर्ता हनुपर्ने तर यस न.पा.को स्थानीय स्रोतबाट विनियोजित भएको रु.२०,००,०००।- (बीस लाख) भन्दा कम रकमको आयोजना संचालन गराउदा स्थायी लेखा नम्बरमा अनिवार्य दर्ता हुन नपर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यलयकाबाट शुभ दिपावली र लक्ष्मी पूजाको शुभ अवसरमा गाई पालन पोषण गर्ने किसानहरुलाई गाई हुराहुरी कार्यक्रम गर्न निम्ती आर्थिक सहयोग माग भएकोमा उक्त कार्यक्रमको लागि अन्य सामाजिक शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।